**छथर जोरपाटि गाउँपालिकाको**

# मर्मत संभार कोष संचालन कार्यविधि, २०७५

(गाउँ कार्यपालिकाद्वारा मिति २०७५।०९।०४ मा स्विकृत)

छथर जोरपाटी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

जोरपाटी, धनकुटा ।

# छथर जोरपाटि गाउँपालिकाको
# मर्मत संभार कोष संचालन कार्यविधि, २०७५

**प्रस्तावनाः**

भौतिक पूर्वाधार विकासको आधार हो। सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिंचाई भवन जस्ता पूर्वाधारहरुको महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। सर्वसुलभ यातायात, सिंचाईको पहूँच ग्रामीण क्षेत्रसम्म पुर्याउने गाउँपालिकाको लक्ष्य पनि हो। गाउँपालिका क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ। तसर्थ सडक, सिंचाई, भवन जस्ता पूर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत संभार कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी छथर जोरपाटि गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद – १ (एक)

**१. संक्षिप्त नाम र प्रारंम्भः**

क) यो निर्देशिकाको नाम "मर्मत संभार कोष संचालन निर्देशिका २०७४" रहनेछ।

ख) यो निर्देशिका तत्काल लागु हुनेछ।

**२. परिभाषाः**

क) "निर्देशिका" भन्नाले मर्मत संभार कोष संचालन निर्देशिका २०७४ लाई बुझाउँनेछ।

ख) "गाउँपालिका" भन्नाले छथर जोरपाटि गाउँपालिकालाई बुझाउँनेछ।

ग) स्थानीय तह" भन्नाले छथर जोरपाटि गाउँपालिकालाई बुझाउँनेछ।

घ) "उपभोक्ता समिति" भन्नाले गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउँनेछ।

## परिच्छेद – २ (दुई)

**३. व्यवस्थापन समितिः**

क) मर्मत संभार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजकिमको एक मर्मत संभार कोष व्यवस्थापन समिति रहनेछः

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. | पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३. | वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ५. | गाउँपालिकाका सदस्यहरु मध्ये १ जना महिला सहित समितिले तोकेको २ जना | सदस्य |
| ६. | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) बैठक भत्ता गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

घ) बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद – ३ (तीन)

**४. कोष स्थापनाः**

मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँसभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. हरुबाट प्राप्त हुने रकम ।

ङ) गाउँपालिका क्षेत्रभित्र संचालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्रप्त हुने रकम ।

ज) विविध

**५. कोष सञ्चालनः**

क) कोषको नाममा प्राप्त हुन आएको रकम छथर जोरपाटि गाउँपालिकाको नाममा मर्मत संभार कोष खाता खोली जम्मा गरिनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद – ४ (चार)

**६. कोषको खर्च प्रणालीः**

मर्मत संभार कोषको जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत संभार सम्बन्धी कार्यमा मात्र खर्च गरिनेछः

क) सडक, कल्भट, पूल, ढल आदीको मर्मत संभार सम्बन्धी कार्य ।

ख) सिंचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संभार सम्बन्धी कार्य ।

ग) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

घ) सार्वजनिक निकायका भौतिक संरचना एवं भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

ङ) नियमित, पटके र आकस्मिक मर्मतका लागि रु. १ लाख सम्मको अध्यक्षको आदेश र सो भन्दा बढी रकमको मर्मत गर्नु परेमा दफा ३ बमोजिम गठित व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गरिनेछ ।

**७. मर्मत संभारको लागि छनौटको मापदण्डः**

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत संभारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछः

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु।

ख) गाउँपालिका यातायात गुरुयोजना MTMP मा परेका सडकहरु।

ग) भौतिक संरचना तथा पूर्वाधारको महत्त्वको आधारमा।

घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा।

ङ) मर्मत संभारबाट हुने आर्थिक लाभको आधारमा।

च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा।

छ) दुई वा दुई भन्दा बढी वडालाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भट, कुलो पैनी, बाँध आदी।

**८. मर्मत संभार कार्य गराउने व्यवस्थाः**

गाउँपालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत संभार, पटके मर्मत संभार, आवधिक मर्मत संभार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। गाउँपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत संभार, पटके मर्मत संभार, आवधिक मर्मत संभार, आकस्मिक मर्मत संभार प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद – ५ (पाँच)

**९. संसोधन वा खारेजीः**

क) मर्मत संभार कोष संचालन निर्देशिका संसोधन वा खारेज गर्नु परेमा गाउँपालिकाबाट हुनेछ।

ख) यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

ग) यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।